# लमही नगरपालिका ईट्टा उद्योग स्थापना तथा संचालनको लागि सिफारिस गर्ने सम्वन्धी कार्यविधि, २०७५

**प्रस्तावना :**

लमही नगरपालिकाको क्षेत्र भित्र कुनै पनि व्यक्तिले ईट्टा उद्योग स्थापना गर्न लाग्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०३ बमोजिम सिफारिस गर्दा अपनाउनुपर्ने कार्यविधिलाई व्यवस्थि तगर्नको लागि कार्यविधि बनाउनुपर्ने आवश्यकता भएकोले नेपालको संविधानको धारा ११८ बमोजिम लमही नगरपालिकाको मिति **२०७५/०६/०५** गतेको कार्यपालिकाको बैठकवाट स्वीकृत गरि जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस कार्यविधिको नाम **"लमही नगरपालिकाका ईट्टा उद्योग स्थापना तथा संचालनको लागि सिफारिस गर्ने सम्वन्धी कार्यविधि, २०७५"**

१.२ यो कार्यविधि लमही नगरपालिकाको कार्यपालिकाको बैठकवाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, :

क) "नगरपालिका" भन्नाले लमही नगरपालिकालाई सम्झनु पर्नेछ ।

ख) "कार्यपालिका" भन्नाले लमही नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्नेछ ।

ग) "प्रमुख" भन्नाले लमही नगरपालिकाका प्रमुखलाई सम्झनु पर्नेछ ।

घ) "वडा अध्यक्ष" भन्नाले लमही नगरपालिका अर्न्तगत ईट्टा उद्योग स्थापना तथा संचालन गर्न खोजेको वडाको अध्यक्षलाई जनाउने छ ।

ङ) "वडा सचिव" भन्नाले ईट्टा उद्योग स्थापना गर्न खोजेको वडाको सचिवलाई जनाउनेछ ।

च) "प्राविधिक" भन्नाले जुन विषयको जाँचबुझ गर्ने हो, सो कामकाज गर्ने लमही नगरपालिकाको प्राविधिक कर्मचारीलाई जनाउनेछ ।

छ) "अमिन" भन्नाले लमही नगरपालिकाको अमिन काम गर्ने कर्मचारीलाई सम्झनु पर्नेछ ।

३. **निवेदन दर्ता गर्ने :** यस नगरपालिका क्षेत्र भित्र कुनै पनि व्यक्तिले ईट्टा उद्योग स्थापना गर्ने सिलसिलामा सम्वन्धीत निकायमा सिफारिस गरी पाउँ भनी निवेदन आएमा उक्त निवेदन दर्ता गर्नु पर्नेछ ।

४. **निवेदन दस्तुर :** उद्योग स्थापनाको लागि सिफारिस गरि पाउँ भन्ने निवेदन दर्ता गर्दा निवेदन दस्तुर रु ५००।०० लाग्ने छ ।

५. **सूचना प्रकाशन गर्ने :** निवेदन प्राप्त भएपछि निवेदकले ईट्टा उद्योग स्थापना तथा संचालन गर्न खोजेको क्षेत्रको साँध संधियार तथा त्यस वरिपरिका मानिसहरुलाई वा त्यस क्षेत्रको वातावरणमा उक्त उद्योग स्थापनावाट कुनै प्रकारको हानी नोक्सानी पुग्न जाने भए सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस नगरपालिकाको कार्यालयमा उजुरी दिनुहोला, अन्यथा निवेदकको माग बमोजिम उद्योग स्थापनाको लागि सिफारिस भैजाने व्यहोराको दावि विरोध गर्ने सम्वन्धमा सर्वसाधारणको जानकारीको लागि प्रमुख प्रसाशकिय अधिकृतले सूचना प्रकाशन गर्नुपर्नेछ ।

६. **दावि विरोध सम्वन्धमा जाँचबुझ गर्ने** : उक्त म्याद भित्र कोही कसैको दावि विरोध पर्न आएमा जाँचबुझ गर्नको लागि नगरपालिकाका प्रमुखले सम्वन्धीत वडाका वडा अध्यक्षको अध्यक्षतामा निम्न बमोजिमको जाँचबुझ समिति गठन गर्ने :

| | | |
|---|---|---|
| क) वडा अध्यक्ष | - | संयोजक |
| ख) सम्वन्धीत विषयको शाखा/फाँटको प्रमुख | - | सदस्य |
| ग) विषयगत जानकारी भएको कुनै कर्मचारी | - | सदस्य |
| घ) प्राविधिक कर्मचारी | - | सदस्य |
| ङ) सम्वन्धीत वडाको सचिव | - | सदस्य सचिव |

७. **जाँचबुझ गरि प्रवेदन पेश गर्ने** : जाँचबुझ समितिले समिति गठन भएको ७ दिन भित्र दादी विरोध सम्वन्धी विषयमा दावी विरोधकर्ता समेतलाई उपस्थित हुन सूचना दिई निजको उपस्थितिमा सवै कुराको जाँचबुझ गरि नगरपालिकामा प्रतिवेदन पेश गने, तर सूचना दिदा पनि दावी विरोधकर्ता उपस्थित नभएमा जाँचबुझ समितिलाई जाँचबुझ गर्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

८. **दावी विरोध नपरेमा :** सार्वीजनिक सूचना प्रसकाशन गर्दा कोही कसैको दावी विरोध पर्न नआएमा पनि उक्त उद्योग स्थापनावाट वातावरणमा कुनै असर पर्छ पर्दैन र सम्वन्धीत स्थानमा उद्योग स्थापना गर्न दिन नगरपालिकाले नीति नियम प्रतिकुल हुन्छ हुदैन, सार्वजनिक सम्पत्तीमा कुनै असर पर्छ पर्दैन भन्ने विषयमा समेत मध्यनजर गर्दै उक्त उद्योग स्थापना गर्न दिन उपयुक्त हुन्छ हुदैन सो सम्वन्धमा कारण खोली राय सुझाव पेश गर्न नगरपालिकाका प्रमुखले निम्न बमोजिमको छानविन समिति गठन गर्ने ।

| | | |
|---|---|---|
| क) सम्वन्धीत वडाको वडा अध्यक्ष | - | संयोजक |
| ख) वातावरण विभागको प्रमुख | - | सदस्य |
| ग) प्राविधिक (अमिन) १ जना | - | सदस्य |
| घ) सम्वन्धीत वडाको सचिव | - | सदस्य सचिव |

९. **छानविन समितिले पेश गर्ने :** छानविन समितिले समिति गठन भएको ७ दिन भित्र विस्तृत अध्ययन गरि आफ्नो प्रतिवेदन पेश गर्नुपर्नेछ ।

१०. **कागज (कवुलियत) गराउन पर्ने :** निवेदकलाई ईट्टा उद्योग स्थापना हुनु अघि वा पछि नगरपालिकाले दिएको आवश्यक निर्देशन पालन गर्नेछु र संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाले तोकेको मापदण्ड पुरा गर्नेछु । साथै उद्योगवाट निस्कने फोहर व्यवस्थापन तोकेको मापदण्ड पुरा गर्नेछु । नगरे नगरपालिका वा सम्वन्धीत सरकारी निकायले उद्योग बन्द गरि दिएमा वा दण्ड जरिवाना गरेमा सहुला बुझाउला भन्ने व्यहोराको कवुलियत गराएर मात्र काइ्पालिकाको वैठकमा प्रस्ताव पेश गर्ने ।

११. **लगत पेश गर्नुपर्ने :** उद्योगवाट उत्पादित निकासी गर्नुपर्ने वस्तुको लगत नगरपालिकामा पेश गर्नुपर्नेछ ।

१२. **स्वीकृती लिनुपर्ने :** उद्योगवाट उत्पादित वस्तु नगर बाहिर निकासी गर्नु पर्दा नगरपालिकावाट स्वीकृती लिनुपर्नेछ ।

१३. संघीय कानून/प्रदेश कानून तथा नियम बमोजिम तोकिएको मापदण्ड पुरा नगरेमा वा वातावरणमा पर्न जाने प्रतिकुल असरलाई सुधार गर्ने कार्य जुनसुकै बेला ईट्टा उद्योग स्थापना गर्ने व्यक्तिले पुरा गर्नुपर्नेछ ।

१४. **कार्यान्वयन गराउने :** कार्यपालिकाको वैठकको निर्णय अनुसार नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४८ बमोजिम निर्णय कार्यान्वयन गर्ने गराउने छ ।

१५. **सिफारिस गर्ने :** कार्यपालिकाको वैठकको निर्णय अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०३ बमोजिम सम्वन्धीत निकायमा प्रमुख प्रशासकिय अधिकृतले सिफारिस गर्ने गराउने छ ।

१६. **यसै कार्यविधि अनुसार हुने :** नगरपालिका क्षेत्रभित्र उद्योग स्थापनाको लागि सिफारिस गर्दा गराउँदा यसै कार्यविधिमा लेखिए बमोजिम हुनेछ । नलेखिएको कुरामा प्रचलित ऐन नियम तथा संघीय सरकार तथा प्रदेश सरकारको निर्देशन बमोजिम हुनेछ ।

१७. **खारेजी र बचाउ :** यस अघि सिफारिस गरिएका सम्पूर्ण काम कारवाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।